मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको बीसौं अधिवेशनमा
नगर उपप्रमुख श्री गंगा श्रेष्ठद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

मुसिकोट नगरपालिका, गुल्मी
२०८३ असार १०

मुसिकोट नगरपालिका गुल्मी

**सभाध्यक्ष महोदय,**

नगरसभाका सम्मानीत सदस्यहरू,

आजको यस ऐतिहासिक क्षणमा, मुसिकोट नगरपालिकाको उपप्रमुखको हैसियतले, आगामी आर्थिक वर्ष २०८३/०८४ को नगरपालिकाको आय र व्यय विवरण प्रस्तुत गर्न यो सम्मानीत सदनमा उभिँदा म गौरवान्वित छु। यो बजेट आय र व्ययको विवरण मात्र होइन, हाम्रो नगरको भविष्यको रूपरेखा हो, जसले हाम्रो सपना, संघर्ष र समृद्धिको निरन्तर यात्रालाई नयाँ दिशा दिनेछ ।

सर्वप्रथम, विभिन्न कालखण्डमा भएका राजनैतिक क्रान्ति, सशस्त्र संघर्ष र जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते, अपाङ्गता भएका, सहिद परिवार, बेपत्ता नागरिक र उहाँहरूका परिवारलाई सम्मानपूर्वक स्मरण गर्दछु। उहाँहरूको बलिदानले नै आज हामीलाई स्वतन्त्र रूपमा यो मञ्चमा उभिने अवसर दिएको हो।

यस बजेटले नगरवासीको जीवनमा मूर्त परिवर्तन ल्याउने लक्ष्य राखेको छ। यो स्थानीय आर्थिक गतिविधिलाई गतिशील बनाउने, निजी क्षेत्रलाई लगानीको अनुकूल वातावरण सिर्जना गर्ने र समृद्ध नगरको जग बलियो बनाउने दिशामा केन्द्रित छ। भौतिक पूर्वाधारको विकाससँगै, आम नागरिकको विकास र समृद्धिको आकांक्षालाई सम्बोधन गर्नु यसको मूल उद्देश्य हो। आर्थिक, सामाजिक, भौगोलिक र राजनैतिक रूपमा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गरी विकासको फल न्यायोचित रूपमा वितरण गर्ने प्रतिबद्धता यसमा समावेश छ।

यस बजेटले प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका साना तथा घरेलु उद्योगको प्रवर्द्धन, युवालाई आर्थिक गतिविधिमा आकर्षित गर्ने, कृषिमा व्यावसायिकता ल्याउने, पर्यटन प्रवर्द्धन गर्ने र उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने लक्ष्य राखेको छ। सार्वजनिक सम्पत्तिको संरक्षण र स्रोत–साधनको प्रभावकारी तथा परिणाममुखी परिचालनलाई पनि उच्च प्राथमिकता दिइएको छ।

बजेट निर्माणमा नेपालको संविधान, संघ तथा प्रदेश सरकारका आवधिक योजना, दिगो विकासका लक्ष्य, नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य, मुसिकोट नगरपालिकाको प्रथम आवधिक योजना, मध्यकालीन खर्च संरचना, विभिन्न व्यक्ति, संस्था, संघका माननीय सदस्यहरूबाट प्राप्त राय–सुझावलाई आधार बनाइएको छ।

नगरपालिकामा सक्रिय राजनीतिक दल, संघ–संस्था, विद्वान् वर्ग, आम नागरिक, नागरिक समाज, निजी क्षेत्र, सञ्चार माध्यम लगायत सबैको राय–सुझावलाई समेट्न हरसम्भव प्रयास गरिएको छ। समृद्ध नगर निर्माणको आधार तयार गर्न रचनात्मक सुझाव तथा सहयोग पुर्‍याउने सम्पूर्णप्रति म हार्दिक आभार व्यक्त गर्दछु। यो बजेट आम नगरवासीको विकासप्रतिको चाहना र अपेक्षालाई सम्बोधन गर्ने कार्यक्रममा केन्द्रित छ। यसले हरेक नगरवासीमा आशा र भरोसाको सञ्चार गर्नेछ। राजनीतिक दल, जनप्रतिनिधि, संघ–संस्था, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत र आम नागरिकको सहकार्य र एकताबाट यस बजेटले लिएका लक्ष्यहरू पूरा गर्न सकिन्छ भन्ने मलाई पूर्ण विश्वास छ।

हामी सबैको साझा प्रयास र प्रतिबद्धताले मात्र मुसिकोटलाई समृद्ध र सुखी नगरको रूपमा विकास गर्न सकिन्छ। यस बजेटले त्यस दिशामा एउटा सबल पाइला चाल्नेछ भन्ने म विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म नगरपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्दछुः

१. चालु आ.व. अर्थात ०८२/०८३ को कुल संसोधित अनुमान ७० करोड ५७ लाख ९१ हजार ६ सय ८ रहेकोमा हालसम्मको यथार्थ आय रु ६० करोड २६ लाख ४३ हजार १ सय ७१ रहेको छ। चालु आ.व.को हालसम्मको खर्चलाई हेर्दा चालु तर्फ रु. ३२ करोड ३१ लाख ६५ हजार ८ सय ४३ रुपैया ३७ पैसा अर्थात ६३.९७ प्रतिशत र पुँजीगत तर्फ ८ करोड ४६ लाख ७९ हजार ७ सय ४८ अर्थात ४२.१९ प्रतिशत खर्च भएको देखिन्छ। समग्रमा चालु आर्थिक वर्षको यो अवधिसम्म ४० करोड ७८ लाख ४५ हजार ५ सय ९१ रुपैया ३७ पैसा अर्थात ५७.७८ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

सभाध्यक्ष महोदय

अब म बजेटको सफल कार्यन्वयनमा समस्या पार्ने मुख्य चुनौतीहरु सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु।

प्रस्तावित बजेट तथा कार्यक्रमहरु जनअपेक्षित, समतामूलक, सहभागितामूलक र कार्यान्वयनयोग्य हुँदाहुँदै पनि देहायका कारणले बजेटको सफल कार्यान्वयन चुनौतीपूर्ण रहेको छ।

- आन्तरिक आम्दानी अत्यन्त कम हुनु र संघ र प्रदेशको अनुदानको भरमा हाम्रा विकास योजना तर्जुमा गर्नु पर्ने बाध्यताले आवश्यकता महसुस भएका र ईच्छाइएका योजनाहरुको लागि पर्याप्त बजेट व्यवस्था गर्न नसकिनु,
- संघ तथा प्रदेश सरकार मार्फत हस्तान्तरण हुने अनुदानको समयमै निकासा नहुनु र तोकिए बमोजिम समानीकरण र राजश्व बाँडफाँड तर्फको ठूलो आय हिस्सा रकम प्राप्त नहुनु,
- बढ्दो बसाइसराई एवं वैदेशिक रोजगारीको कारण खेती योग्य जमिन खाली हुदै जानु र कृषिमा व्यवसायिकरण, यान्त्रिकीकरण र आधुनिकीकरण हुन नसक्नु,
- योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूखी र वस्तुपरक हुन नसक्नु,
- स्थानीय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु,
- हालका दिनमा इन्धनको मूल्यमा भएको अस्थिरता, तरलताको अवस्था, आर्थिक वर्षको अन्त्यमा आइपर्ने विपद् आदिका कारण लक्ष्य अनुरुप विकास गतिविधि सञ्चालन गर्न नसक्नु,
- संघ एवं प्रदेशबाट समयमै रिक्त पदमा कर्मचारी पदपूर्ती हुन नसक्नु,
- सीपयूक्त र दक्ष जनशक्तिको पर्याप्त उपलब्धतामा समस्या हुनु,
- साधारण खर्चमा वृद्धि हुँदै जानु, तलब भत्ता, सामाजिक सुरक्षा, प्रशासनिक खर्च लगायतको साधारण बजेटमा कुल बजेटको ठूलो हिस्सा छुट्याउनु पर्दा विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाप पर्नु,
- पुँजीगत खर्चको प्रभावकारिता बढ्न नसक्नु,
- योजनाको पूर्व तयारी र प्राथमिकीकरण विना साधन स्रोतको विनियोजन गर्ने परिपाटि र कार्यान्वयन पक्ष कमजोर रहेकोले स्रोत साधनको समूचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक बनाउन नसक्नु,

- निजी क्षेत्रको लगानी आशातित रूपमा वृद्धि हुन सकेको छैन। लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी र विदेशी लगानी विस्तार गर्न नसक्नु,
- निर्माण व्यवसायीले निर्धारित समयभित्रै कार्य सम्पन्न नगर्नु , निर्माण सम्पन्न आयोजना/ कार्यक्रममा उचित गुणस्तर कायम गर्नु।

**सभाध्यक्ष महोदय**

अब म चालु आर्थिक वर्ष २०८२।०८३ को हालसम्मको अवधिको क्षेत्रगत बजेट तथा खर्च सभासमक्ष पेश गर्दछु।

आर्थिक विकास तर्फ आ.व. २०८२।०८३ मा ४ करोड ३८ लाख ३५ हजार विनियोजन भएकोमा १ करोड ५८ लाख ८० हजार ५ सय ६ रुपैंया अर्थात् ३६.२२ प्रतिशत वित्तिय प्रगति भएको छ भने सामाजिक विकास तर्फ कुल ३९ करोड ७७ लाख २ हजार ७६ रुपैंया विनियोजन भएकोमा २६ करोड ६६ लाख ३ सय १० अर्थात् ६७.०४ प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ। पूर्वाधार विकास तर्फ विनियोजित १४ करोड ९ लाख उन्साठी हजार ७३ रुपैंया मध्ये ५ करोड ६९ लाख २२ हजार ८ सय ६३ रुपैंया खर्च भएको छ जुन विनियोजित बजेटको ४०.३८ प्रतिशत हुन आउँछ। त्यस्तै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ २ करोड ६४ लाख २ हजार ८९ रुपैंया विनियोजन भएकोमा हालसम्म १ करोड १६ लाख ८२ हजार ८ सय ६६ रुपैंया अर्थात् ४४.२५ प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ भने कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ विनियोजित ९ करोड ६८ लाख ९३ हजार ३ सय ७० रुपैंयामा ५८.७१ प्रतिशत अर्थात् ५ करोड ६८ लाख ८२ हजार ३ सय ६९ रुपैंया खर्च भएको देखिन्छ।

**सभाध्यक्ष महोदय,**

२. **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षा, नगरवासीको विकास प्रतिको चाहना, स्थानीय आवश्यकता र समृद्ध नगरपालिकाको दीर्घकालिन सोचलाई समेत ध्यान दिएर आगामी आ.व.को बजेट तथा कार्यक्रमका प्राथमिकताहरुलाई देहाय बमोजिम राखेको छु।

क. कृषि, सिँचाई, खानेपानी, ऊर्जा र पर्यटन क्षेत्रको विकास,

ख. सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा,

ग. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

घ. वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन,

ङ. मानव संसाधन विकास र रोजगारी सिर्जना,

च. सुशासन, संस्थागत विकास र सेवा प्रवाहमा सुधार।

सभाध्यक्ष महोदय,

३. अब म आ.व.०८३/०८४ को संक्षिप्त आय विवरण तथा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

आम्दानी तर्फः

राजश्व आम्दानी

(क) आन्तरिक राजश्व अनुमान रु १ करोड ३५ लाख

(ख) संघीय राजश्व बाँडफाँड रु ९ करोड ७४ लाख ६४ हजार ,
(ग) प्रदेश राजश्व बाँडफाँड रु १ करोड ४५ लाख ७२ हजार
(घ) स्थानीय राजस्व बाँडफाँड रु. १ करोड २० लाख
जम्मा राजश्व प्राप्त रकम रु १३ करोड ७५ लाख ३६ हजार

नेपाल सरकार (संघीय सरकार) बाट प्राप्त हुने अनुदानः
(क) वित्तीय समानीकरण अनुदान रु ११ करोड १८ लाख,
(ख) शसर्त (हस्तान्तरित) अन्तर्गत चालु तर्फ रु ३४ करोड २ लाख
(म) शसर्त (हस्तान्तरित) अन्तर्गत पूँजीगत तर्फ रु ५० लाख
(घ) समपुरक अनुदान रु .७० लाख,
(घ) विशेष अनुदान चालु रु १ करोड ४० लाख,
जम्मा संघीय सरकारबाट प्राप्त हुने अनुदान रु ४७ करोड ८० लाख

प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः
(क) वित्तीय समानीकरण अनुदान - रु ७६ लाख ७५ हजार,
(ख) सशर्त अनुदान चालु - रु १० लाख
(ग) सशर्त अनुदान पूँजीगत - रु १ करोड २० लाख
(घ) समपुरक अनुदान - रु १ करोड २० लाख
(ङ) विशेष अनुदान पूँजीगत– २१ लाख
जम्मा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु ३ करोड ४७ लाख ७५ हजार,

सामाजिक सुरक्षा भत्ता बापत अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान - १८ करोड
यसरी आर्थिक वर्ष २०८३/०८४ को लागि नगरपालिकाको कुल आम्दानी तर्फ जम्मा रु ८६ करोड ६९ लाख २७ हजार ८ सय रुपैया प्रस्ताव गरेको छु।

४. त्यसै गरी अब म प्रस्तावित बजेटको व्यय तर्फको विवरण पेश गर्दछु।
कुल प्रस्तावित बजेट मध्ये चालु खर्च करिब रु. ४७ करोड ४१ लाख २४ हजार ९ सय रुपैया रहेको छ जुन कुल बजेटको ६९.०२ प्रतिशत हो भने पूँजीगत खर्च २१ करोड २८ लाख २ हजार ९ सय रहेको छ जुन कुल बजेटको ३०.९८ प्रतिशत हुन आउँछ। यस रकममा सामाजिक सुरक्षाको रकम समावेश नभएको व्यहोरा अनुरोध छ।

त्यसैगरी प्रस्तावित बजेटलाई क्षेत्रगत रुपमा हेर्दा नगरपालिका आफैले बजेट तथा कार्यक्रम बनाउने रकम मध्ये पूर्वाधार विकासमा रु ९ करोड ९३ लाख ९० हजार ८ सय रुपैया बजेट विनियोजन भएको छ।
कार्यालय संचालन तथा प्रशासनिक तर्फ रु १० करोड ४२ लाख
आर्थिक विकास तर्फ रु १ करोड ७ लाख ६७ हजार
सामाजिक विकास तर्फ रु ५ करोड ३० लाख ७० हजार रहेको छ भने
सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र तर्फ १ करोड ६२ लाख रुपैया विनियोजन गरिएको छ भने वडा सिलिङको लागि २ करोड ९० लाख विनियोजन भएको छ।

५. अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास**

**कृषि**

६. वर्तमान अवस्थामा कृषि क्षेत्रको लगानीमा स्थानीयस्तरमा उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्दै कृषिमा आधुनिकीकरण , विविधिकरण, यान्त्रीकिकरण तथा व्यवसायीकरण गरी निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीक रुपमा विकास गर्न आवश्यक छ । नगरपालिकामा उत्पादित कृषि उपजहरुको बिक्रि बितरणमा सहजता ल्याउन "कृषि उपज बिक्री सुनिस्श्चितता कार्यक्रम" लाई नगरपालिकाले नै सन्चालन गर्ने गरी निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

७. **नेपाली कफीको जन्म ठाउँमा, कफी बँगैचा गाउँ गाउँमा**
**मुसिकोटको सौरव, गुल्मीको गौरव**
भन्ने नारा सहित नमूना कफी बगैंचा स्थापना कार्यक्रमलाई निरन्तरता सहित दुग्ध र कफिको उत्पादनमा अनुदान कार्यक्रमका लागि ९ लाख विनियोजन गरेको छु ।

८. समूह/सहकारी परिचालन मार्फत महिलाहरु दलित अल्पसंख्यक आदिवासी तथा अति विपन्न समुदाय लक्षित उत्पादन तथा आयआर्जन मुलक कार्यक्रमका लागि आ.व. २०८३।०८४ मा संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान अन्तर्गत १ करोड ४० लाख विनियोजन भएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँदछु ।

९. स्थानीय तथा रैथाने वाली संरक्षणका लागि स्थानीय बीउ उत्पादन तथा विउ विकास कार्यक्रममा आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०. व्यवसायिक रुपमा कृषि व्यवसाय संचालन गरेका व्यवसायीलाई प्रोत्साहन गर्न **"पख्नोस् तपाईका लागि हामी केही गर्दैछौं"** कार्यक्रम सन्चालन, कृषि ऋणमा ब्याज अनुदान र अन्यत्रबाट बसाई सरी मुसिकोट नगरपालिकाभित्र व्यवसायिक कृषि वा अन्य उद्यमशीलता संचालन गरी बसेका व्यवसायीलाई प्रोत्साहन गर्न **आफ्नै गाउँ फर्की आउँ** नीति अनुरुप एकमुष्ठ रु १० लाख विनियोजन गरेको छु ।

११. जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिमा रुपान्तरण गरी कृषिमा आश्रित जनशक्तिको आर्थिक उपार्जनमा वृद्धि गरी आत्मनिर्भर कृषक बनाउनका लागि हाम्रो प्रयास जारी रहनेछ । कृषिमा उत्पादन र उत्पादकत्व बढाउनको लागि उन्नत जातका विउको प्रयोग, सिँचाई सुविधाको विस्तार, माटो सुहाउँदो खेती प्रणालीमा जोड दिँदै नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ कृषि क्षेत्रमा रु ४३ लाख विनियोजन गरेको छु ।

१२. पशुजन्य उत्पादन वृद्धि, पशुकल्याण तथा सरुवा रोग नियन्त्रणलाई प्राथमिकता दिँदै यस वर्षको बजेटमा पशु सेवाका समग्र गतिविधिहरूलाई एकीकृत रूपमा अघि बढाइनेछ । सोहीअनुसार, जनस्वास्थ्यको दृष्टिले अत्यन्तै संवेदनशील रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण अभियान सन्चालन गर्नुका साथै रेविज भ्याक्सिन खरिद गरी भ्याक्सिनेसन कार्यक्रम सन्चालन गरिनेछ । त्यस्तै, पशु चिकित्सा औषधिहरूको पारदर्शी खरिद तथा नियमित वितरण, पशु प्रजनन सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम तथा आवश्यक उपकरण खरिद, पशु स्वास्थ्य शिविर सन्चालन, पशु तथा पशुजन्य रोगका सम्बन्धमा सचेतना अभियान, पशु सेवा केन्द्र तथा प्रयोगशालाको स्तरोन्नति एवं व्यवस्थापन र दक्ष जनशक्ति उत्पादनका लागि ग्रामीण पशुपंक्षी स्वास्थ्य

कार्यकर्ताहरूको लागि विशेष तालिमको व्यवस्था गरिनेछ । यी सबै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि रु १९ लाख ५० हजार विनियोजन गरेको छ।

१३.आ.व. २०८३।०८४ वर्षमा लघु उद्यम विकास कार्यक्रममा उद्यमीको स्तरोन्नति, आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम साथै प्रविधि हस्तान्तरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ। युवाहरूलाई नवीन व्यवसाय स्थापनामा प्रोत्साहित गर्न स्टार्टअप प्रवर्द्धन कार्यक्रम (तालिम तथा आवश्यक सहयोग), उद्यमीसँगको साझेदारी कार्यक्रम र सम्भाव्य उत्पादनको उत्पादकत्व तथा बजार प्रतिस्पर्धा बढाउन कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ । जसका लागि उद्यम विकास तर्फ आवश्यक बजेट विनियोजन गरेको छ।

१४."**वेरोजगारीलाई निकास, आफ्नै ठाउँको विकास**" भन्ने नारालाई आत्मसाथ गर्दै नगरपालिकाको कार्यक्रम अन्तर्गत रहेका **निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार** कार्यक्रमका श्रमिकहरुलाई पर्यटकीय स्थलहरुको मर्मत संभार र संरक्षण तथा बजारको फोहर व्यवस्थापनमा खटाईनेछ । स्थानीय श्रोत, साधन र श्रमको प्रयोग गर्दै सार्वजनिक निर्माण र सार्वजनिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा निरन्तर कार्य गरिनेछ र यसका लागि रु २० लाख विनियोजन गरेको छु।

१५.आ.व. २०८२।०८३ देखि अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको विमा कार्यक्रम लागु गरिएको छ । यसका लागि आ.व. २०८३।०८४ मा समेत बजेट आवश्यक बजेट व्यवस्था गरेको छु।

१६.बालश्रम मुक्त स्थानीय तह घोषणा, उत्पादन तथा उद्यमशीलता मार्फत रोजगारी सिर्जना एवं न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा पुन:एकीकरणसम्बन्धी साझेदारी, अल्पकालीन सीप तालिम, कृषि यन्त्रिकरण मर्मत तालिम र महिला उद्यमी लक्षित ड्राइभिङ तालिम कार्यक्रमहरू सञ्चालनका लागि रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु ३९ लाख ४७ हजार विनियोजन गरेको छु।

१७.आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा रहेको पर्यटन प्रवर्द्धनको लागि मुसिकोटमा रहेका महत्वपूर्ण ऐतिहासिक एवं सामाजिक धरोहरको संरक्षण एवं संवर्द्धन गर्नका निम्ति **निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार** शिर्षकमा रु १० लाख विनियोजन गरेको छु।

## सामाजिक विकास

### शिक्षा

शिक्षा समृद्ध समाज निर्माणको आधारशिला हो । यसैले, आगामी आर्थिक वर्षको बजेटले **'गुणस्तरीय, समावेशी र सीपमूलक शिक्षा'** लाई प्राथमिकता दिएको छ।

१८.दलित र अल्पसंख्यक छात्रा, अपाङ्गता भएका छात्र/छात्राहरुलाई उच्च शिक्षामा प्रोत्साहित गर्न उच्च शिक्षा सहयोग कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१९.ऐतिहासिक- पुरातात्विक सांस्कृतिक सम्पदाहरुको अन्वेषण/अध्ययन- अनुसन्धान तथा प्रकाशनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२०. शिक्षा क्षेत्रको सर्वत्तोमूखी विकास एवं शैक्षिक गुणस्तर सुधारको लागि **"शैक्षिक गुणस्तर विकास कोष"** नामक कार्यक्रम सञ्चालनका लागि रु. १५ लाख विनियोजन गरेको छु।

२१.शिक्षाबाट वन्चित एवं पहुँचबाट टाढा रहेका विद्यार्थीहरुलाई शिक्षाको मूलधारमा ल्याउने नीति अनुरुप अनाथ, असहाय, अति विपन्न र दलित विद्यार्थीलाई शैक्षिक सहयोग कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२२.विद्यालयमा कला र खेलकुदका साथै अन्य अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि रु. १३ लाख ५० हजार बजेट व्यवस्था गरेको छु।

२३.शैक्षिक गुणस्तर सुधारका लागि कक्षा ८, १० र १२ मा उच्चतम नतिजा ल्याउने ३ वटा विद्यालयहरुलाई प्रोत्साहनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२४.प्रा.वि. तहका शिक्षक र विद्यार्थीहरुसँग जनप्रतिनिधि र सरोकारवालाहरुको अन्तर्क्रिया तथा शैक्षिक सामग्री वितरण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२५.विद्यालयमा विद्यार्थीहरुलाई कृषि उत्पादन, बिक्री र आम्दानीमा जोड्न बिउ पुँजी कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२६.विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई थप प्राथमिकता दिई प्रभावकारी कार्यान्वयनको लागी संघीय सरकार मार्फत आवश्यक बजेट विनियोजन भएको छ।

२७.शिक्षामा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरी समग्र शिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी र व्यवसायिक बनाउन आवश्यक बजेटको व्यवस्था भएको छ। समग्र शिक्षा सेवा तर्फ सशर्त अनुदान बाहेक रु. २ करोड २६ लाख ५२ हजार छुट्याएको छु।

२८.खेलकुद क्षेत्रको विकासका लागि खेलकुद मैदानहरुको निर्माण गर्ने, संरक्षण गर्ने र खेलकुद प्रतियोगिताको आयोजना गर्ने काम हाम्रो प्राथमिकताको विषय हो। आ.व. २०८३।०८४ मा नगरस्तरीय खेलकुदका कार्यक्रम संचालन गर्ने गरी बजेट व्यवस्था गरेको छु। युवा तथा खेलकुद विकास तर्फ २५ लाख रकम व्यवस्था गरेको छु।

**स्वास्थ्य**

आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकारको विषय भएकोले स्वास्थ्य सेवालाई हरेक नागरिकको पहुँचमा राख्न तथा सहज, सरल र सर्वसुलभ रुपमा अनुभूत हुने गरी स्वास्थ्य सेवाको प्रत्याभूत गराउनु स्थानीय सरकारको दायित्व हो।

२९.स्वास्थ्य क्षेत्रमा गुणस्तर अभिवृद्धका लागि खोप क्लिनिक/ गाँउघर क्लिनिकहरुको पुर्वाधार संरचना मर्मत सुधार एवं व्यवस्थापनका लागि माग बमोजिम प्रदेश सरकारबाट विशेष अनुदान अन्तर्गत रकम रु. २१ लाख विनियोजन भएको कुरा म यस सम्मानित सभामार्फत सबैलाई जानकारी गराउँदछु।

३०.निर्माणाधीन १५ शैया अस्पताल निर्माणको अन्तिम चरणमा हुँदै गर्दा उक्त अस्पतालबाट सेवा प्रवाहको लागि जनशक्ति व्यवस्थापन र उपकरण व्यवस्थापन तर्फ रु. ६० लाख विनियोजन गरेको छु।

३१.स्वास्थ्य सेवा/सुविधामा प्रत्येक नागरिकको पहुँच सुनिश्चित गर्न र नागरिकलाई सर्वसहुलियतपूर्ण रुपमा सुपथ मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउन सहुलियतपूर्ण फार्मेसी सञ्चालनका लागि २० लाख विनीयोजन गरेको छु।

३२.संस्थागत प्रसूति दरमा वृद्धि गर्न नि:शुल्क एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि नगद अनुदानका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३३.गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण तथा यातायात खर्चका लागि आवश्यक रकम व्यवस्था गरेको छु।

३४. स्वास्थ्य सेवाको मेरुदण्डको रुपमा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरु नियमित रुपमा स्वास्थ्य संस्था तथा जनता संग सम्पर्कमा रहनु पर्ने भएकोले निजहरुको कामको उच्च मूल्यांकन गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको लागि सम्मान तथा प्रोत्साहनका लागि आवश्यक बजेट विनीयोजन गरेको छु।

३५.ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धिका लागि विशेष स्वास्थ्य उपचार कार्यक्रम लागू गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३६.आयुर्वेद चिकित्सा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आ.व.२०८२।०८३ देखि लागू गरिएको नागरिक आरोग्य कार्यक्रम व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३७. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा महिलाहरुमा प्रमुख समस्याको रुपमा रहेको पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान संचालन गरिनेछ, साथै २ बर्ष मुनिका बालबालिकाहरुलाई नियमितरुपमा खोप सेवा प्रदान गरी "पूर्णखोपयुक्त नगरपालिका" सुनिश्चित कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**लैगिंक समानता तथा सामाजिक समावेशीकरण**

३८. अति गरिबी या विपद्को कारण घर, आवास, शौचालय व्यवस्थित गर्न नसकेका नागरिकहरुलाई सहयोग दिन र घरबार विहीन बनेकालाई आवास निर्माणमा टेवा पुऱ्याउन गत वर्ष देखि **"विपद् र गरिबीमा हाम्रो नगरको भर: आवास क्षेत्र र शौचालय सुधार, घर नभएकालाई घर"** कार्यक्रम मार्फत सुरक्षित आवासको हक उपलब्ध गराउने कार्यक्रम संचालन गरिएकोमा यसलाई निरन्तरता दिइएको छ । यसको लागि रु .२० लाख बजेट व्यवस्था गरेको छु ।

३९. नगरपालिकाभित्र रहेका अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको स्याहार सम्भार र संरक्षण गर्न आफ्नो हेरचाह आफै गर्न नसक्ने क वर्गको अपाङ्गता भएको व्यक्तिलाई हेरचाह तथा संरक्षण गर्नेलाई संरक्षक भत्ता (आर्थिक) सहयोग उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

४०. बाल विवाह न्यूनीकरणका लागि हामी सबैको प्रयास आवश्यक छ । सो सम्बन्धमा प्रदेशव्यापी अभियान संचालनका लागि प्रदेश सरकारबाट हस्तान्तरित विशेष योजना अन्तर्गत बजेट विनियोजन भएको छ ।

४१. चालु आ.व.मा निर्माण गरिएको ज्येष्ठ नागरिक विश्राम स्थलको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. लक्षित समुदाय उत्थानको लागि सञ्जाल मार्फत विविध कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४३. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई संरक्षण गर्दै अपाङ्गता परिचयपत्र वितरण, नवीकरण र सहायक सामाग्री वितरण लगायत अपाङ्गता लक्षित कार्यक्रमको निरन्तरताको लागि आवश्यक रकम छुट्टाएको छु ।

४४. घरेलु हिंसा, छुवाछुत लगायतका सामाजिक हिंसा र विभेद रहित लैंगिक समतायुक्त नगरपालिका निर्माण गर्ने नीति अनुरुप महिला सशक्तिकरणमा जोड दिनका लागि दलित महिलाहरुको लागि क्षमता विकास तालिम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४५. समग्रमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रतर्फ सशर्त अनुदान बाहेक रकम रु. ४६ लाख ५०. हजार विनियोजन गरेको छु ।

४६. खानेपानी संरचनाहरुको मर्मत तथा आकस्मिक निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र**

**वन, वातावरण, विपद् व्यवस्थापन तथा जलवायु**

विपद् बाट बच्न र जनधनको क्षतिबाट बचाउन नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिलाई चुस्त र दुरुस्त बनाउनुका साथै अन्य सहयोगी संस्थाहरुको साथ र सहयोग लिईने छ । विपद् प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । विकास निर्माणलाई वातावरणसँग सन्तुलन कायम गर्न जोड दिईनेछ । वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्धन, प्रवर्धन र सदुपयोगमा जोड दिइने कार्यलाई प्राथमिकता दिईनेछ ।

४७. विपद् बाट आइपर्ने सम्भावित जोखिम न्यूनिकरण तथा पूर्वतयारीका लागि **"विपद् व्यवस्थापन कोष"** मा रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

४८.मानवीय सीप, स्थानीय श्रोत, साधनको प्रयोगलाई प्रोत्साहन गरी अत्यावश्यक वाहेक नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ । प्रचलित कानून बमोजिम डि.पि.आर.,आई.ई.ई. र माटो परीक्षण गरेर मात्र भवन बनाउने, सडक खन्ने, माटो, बालुवा, ढुङ्गा उत्खनन गर्ने कार्य गरिनेछ ।

४९. मुसिकोट नगरपालिका अन्तर्गत चट्याङको उच्च जोखिममा रहेका स्थानमा चट्याङ प्रतिरोधी उपकरण जडानका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५०.आपतकालिन कार्यसञ्चालन केन्द्र निर्माण तथा विपद न्यूनीकरण, व्यवस्थापन तथा प्रतिकार्यको लागि सामग्री,औजार तथा उपकरण खरिद एवम् व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु ।

५१.वृक्षारोपण कार्यक्रम मार्फत हरित नगर निर्माणको लागि वृहत फलफूल विरुवा रोपण अभियान सञ्चालन गरिनेछ । यसका लागि ३ लाख बजेट विनियोजन गरेको छु ।

५२. कृषि बाली संरक्षणका गर्न हानिकारक वन्यजन्तुको नियन्त्रणका लागि विविध क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५३.समग्रमा वातावरण तथा जलवायु एवं विपद् व्यवस्थापन तर्फ सशर्त अनुदान बाहेक ४८ लाख विनियोजन गरेको छु ।

**कानून तथा न्याय**

५४. राज्य शक्तिको प्रयोग कार्यपालिका, व्यवस्थापिका र न्याय पालिका मार्फत स्थानीय तहबाट समेत हुने व्यवस्था अनुरुप न्यायिक समितिलाई सक्षम र क्षमतावान बनाइने छ । न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीहरुको अन्तरपालिका असल अभ्यास सिकाई आदानप्रदानका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु । न्यायिक समिति सञ्चालनका लागि रु ७ लाख विनियोजन गरेको छु ।

**पूर्वाधार विकास**

५५. विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाउने नगरको नीति अनुरुप सडक सञ्जालको स्तरोन्नती गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ ।

५६. **"हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता"** अनुरुप नगरपालिका भित्रका सडकहरुमा विभिन्न विकासका साझेदार, प्रधानमन्त्री रोजगार कार्यक्रम, निरन्तर रोजगार, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम र स्थानीय जनताहरुको सहभागितामा संरचनाहरुको निर्माण, मर्मत र स्तरोन्नतीमा जोड दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु । त्यस्तै विभिन्न पक्षहरुसँग साझेदारी मार्फत कार्यक्रम सञ्चालन गर्न रु.७० लाख वजेट व्यवस्था गरेको छु ।

५७. विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति **"दिगो विकासका लक्ष्यहरु"** साथै नगरपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइएको छ । पहिलो आवधिक योजनाको समयावधि समाप्ति संगै आ. व. २०८२।०८३ मा मुसिकोट नगरपालिकाको दोस्रो आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना र आयोजना बैंक निर्माण गरिएको छ ।

५८.त्यसैगरी नगरपालिकाको वडा नं ७ वामीटक्सारमा निर्माणाधीन कवर्ड हल निर्माणको लागि रु. २० लाख बजेटको व्यवस्था गरेको छु ।

५९.वडा कार्यालय नै सेवा प्रवाहको पहिलो जग हो । तसर्थ वडा कार्यालयको प्रशासनिक भवन निर्माणलाई प्राथमिकतामा राख्दै आर्थिक वर्ष २०८२।०८३ मा निर्माण कार्य सुरु भएका वडा नं ७ र ९ को वडा कार्यालय भवन निर्माणको लागि आ.व.२०८३।०८४ मा समेत बजेट विनियोजन गरेको छु ।

६०.मुसिकोट नगरपालिकाका सबै वस्तीहरुलाई सडक सन्जालले जोड्ने परिकल्पना गरिए बमोजिम मुसिकोटको गौरवका रुपमा रहेको नगरपालिकाका वडा नं ५, ६, ७, ८ र ९ समेट्ने तल्लाफाँट-आँपचौर- खर्वाङ- कुर्घा-मालारानी -वामीमैदान -अर्लाङकोट -ददल्का -दानसिङ -वामीटक्सार -काफलटोला सडक स्तरोन्नतीको लागि ७० लाख संघीय समपूरक अनुदान स्वरुप विनियोजन भएकोमा नगरपालिकाको तर्फबाट १ करोड १० लाख थप बजेट विनियोजन गरेको छु।

६१.संघीय समपूरकको लागि प्रस्ताव पेश भएकोमा बजेट व्यवस्था नभएको झेदी धारापानी हलोगाडे नेटा दजाकोट भ्गलाम सडक स्तरोन्नतीका लागि नगरपालिकाबाट रु. २० लाख बजेटको व्यवस्था गरेको छु।

६२. मुसिकोट नगरपालिका वडा नं १ स्थित भर्मचौर- काउले- गुरुङ्गचौर सडक स्तरोन्नतीको लागि प्रदेश सरकारसँगको साझेदारीमा कार्यान्वयन गर्नका लागि नगरपालिकाको तर्फबाट १ करोड २० लाख बजेट विनियोजन गरेको छु। उक्त सडकमा आ.व. २०८३।०८४ मा कुल २ करोड ४० लाख बजेट व्यवस्था भएको छ।

६३.प्रदेश समपूरकमा प्रस्ताव पेश भई प्रदेश सरकारबाट बजेट व्यवस्था नभएका अन्य ३ आयोजनाका लागि रु. ६० लाख बजेट विनियोजन गरेको छु।

६४. नगरपालिकाका सबै वस्तीहरु जोड्ने सडकहरु नियमित रुपमा सुचारु गर्न र मुख्य बजारका भित्री सडकहरुमा नालीको व्यवस्था गरी बर्षायाममा समेत ग्रामीण यातायातको सुनिश्चितता गर्न मर्मत संभार कोष स्थापना गरिएको छ। उक्त कोषको लागि रु. ३० लाख बजेट व्यवस्था गरेको छु।

६५.पूर्वाधार विकास तर्फ आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि जम्मा रु ९ करोड ९३ लाख ९० हजार ८ सय बजेटको व्यवस्था गरेको छु।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

सार्वजनिक प्रशासनलाई छरितो, मितव्ययी र परिणाममुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरी सार्वजनिक प्रशासनलाई जवाफदेही र परिणाममुखी बनाइनेछ। कार्यालय संचालन तर्फ रु १० करोड ४२ लाख बजेट विनियोजन गरेको छु।

६६. जनताको घरदैलोको सरकारको रुपमा रहेको यस नगरपालिकामा दरबन्दी बमोजिम स्थायी पदपूर्ती नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव परेको महसुस गरिएको छ। रिक्त दरबन्दीमा स्थायी पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोगमा लेखी पठाइएकोमा आगामी आर्थिक वर्षदेखि स्थायी कर्मचारीको संख्या थप भई कार्यपालिकाको कार्यालय र अन्तर्गतबाट प्रवाह हुने सार्वजनिक सेवाहरु थप व्यवस्थित, छिटोछरितो, सहज र प्रभावकारी हुने कुरामा विश्वस्त छु।

६७.पूर्वाधार निर्माणको पूर्वशर्तको रुपमा रहने विस्तृत आयोजना प्रतिवेदन समेतको तयारीका लागि परामर्श सेवा मार्फत सेवा लिनका लागि रु १८ लाख बजेट विनीयोजन गरेको छु।

६८. जनताको नजिकको सरकारको पहिचान दिने सेवा प्रवाह इकाइहरु वडा कार्यालय हुन्। यि कार्यालयको व्यवस्थापकीय पक्षमा विशेष ध्यान दिइने छ। वडा कार्यालय र अन्तर्गतका वडा सेवा केन्द्रहरुको सञ्चालन र व्यवस्थापनको लागि समेत आवश्यक रकम विनीयोजन गरेको छु।

६९.घुम्ती सेवाको अवधारणा बमोजिम जनतामा पुर्याइने सेवालाई एकीकृत रुपमा सञ्चालन गर्ने प्रकृयाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७०. सेवाग्राहीलाई सम्मान पूर्वक सेवा प्राप्त गर्ने हक स्थापित गरिनेछ । कर्मचारीको क्षमता अभिवृद्धि गर्न र प्रोत्साहनमूलक गतिविधिको लागि बजेटको व्यवस्था गरेको छ।

७१. कार्यालयको कामलाई सूचना प्रविधि मैत्री बनाई पछिल्लो प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिईने छ। कागजी कामलाई क्रमश: न्यून गर्दै प्रविधिको प्रयोगलाई अत्याधिक महत्व दिँदै प्रविधि जडानमा आवश्यक बजेट विनियोजन गरेको छ।

७२. कार्यालयमा वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन, अभिलेख व्यवस्थापन, जानकारी मूलक प्रकाशनहरु, स्थानीय पत्रपत्रिका, वेवसाईट अध्यावधिक, एफ.एम मार्फत गतिविधिहरु सार्वजनिकीकरण, कार्यालयका गतिविधिहरुको समिक्षा गोष्ठी, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण लगायतका सुशासनसँग सम्बन्धित कुराहरुलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छ।

७३. हाल जिल्ला स्थित नापी कार्यालय र मालपोत कार्यालयबाट प्रदान गरिँदै आएको भूमी प्रशासन सेवालाई आ.व. २०८३।०८४ मा नगरपालिकाबाट नै सेवा प्रवाह गरिनेछ। यसका लागि जनशक्ति र पूर्वाधार व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

७४. सेवा प्रवाह र विकास गतिविधिलाई थप व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रभावकारी बनाउन प्रशासन तथा राजश्व सुधार कार्ययोजना तयार गरिनेछ साथै नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढिकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

७५. आ.व. २०८३।०८४ मा मुसिकोट नगरपालिकाको समग्र सामाजिक, आर्थिक एवं भौतिक क्षेत्रको विवरण झल्किने डिजिटल नगर प्रोफाईलको निर्माण गरिनेछ। यसका लागि रु. १२ लाख विनियोजन गरेको छ।

**सभाध्यक्ष महोदय,**
**सभासदस्य ज्यूहरु,**

अन्त्यमा,

७६. नेपालमा सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई विगत चार बर्षदेखि स्थानीय सरकारको प्रतिनिधिको रुपमा मुसिकोट नगरको सर्वाङ्गीण विकास र समृद्धिका लागि हाम्रो प्रयास निरन्तर रहेको कुरा विदितै छ। यद्यपि स्रोत साधनको सीमितता र बढ्दो नागरिक अपेक्षाका बीच हामीले सोंचेअनुरुप कार्य सम्पन्न गर्न नसकेको तीतो यथार्थ हामीमाझ छ। खासगरी नगरवासीका अपेक्षा र हाम्रो विकास लक्ष्य पूरा गर्न यस अवधिसम्म आइपुग्दासम्म जे जति कार्यहरु सम्पादन भए ती सबै हाम्रा उल्लेखनीय उपलब्धिहरु नै हुन। हाम्रो कार्यकालको अन्तिम आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रम मार्फत नगरको सर्वाङ्गीण विकासका लागि आवश्यक योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गर्ने प्रयास गरेको छु।

७७. नेपालको संविधानले सपना देखेको समाजवादउन्मुख अर्थतन्त्रको जग थप सुदृढ पार्न, दिगो विकासका सूचकांकलाई आत्मसात गर्दै, राष्ट्रिय गौरवको आकांक्षा **'समृद्ध नेपाल, सुखी नेपाली'** लाई यथार्थको धरातलमा उतार्न यो बजेट जीवन्त दस्तावेजका रूपमा प्रस्तुत गरिएको छ। यसको सफल कार्यान्वयन नै हामी सबैको साझा उत्तरदायित्व हो । त्यसैले जिम्मेवार निकायदेखि अन्तिम पङ्क्तिका नागरिकसम्म, सबै सरोकारवालामा यसको प्रभावकारी पालनाका लागि हृदयदेखि अपिल गर्दछु।

यस सम्मानित सभामा प्रस्तुत यस बजेटको मस्यौदा तयार पार्न र मुसिकोटको सर्वांगीण विकासको यात्रामा सहयोग पुर्याउने सम्पूर्ण पक्षहरूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, दातृ निकायहरू, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी वर्ग, पत्रकारहरू, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरू, सुरक्षाकर्मी, तथा यी सबै निकायमा कार्यरत सम्पूर्ण कर्मचारी र जनसाधारणप्रति मेरो हार्दिक धन्यवाद छ।

विकासका हरेक अभियानमा स्थिरता, सहकार्य र सिर्जनशीलता अपरिहार्य छन्। यस भावनाका साथ आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु। साथै, यस बजेट तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सबै पक्षको सक्रिय साझेदारी अत्यावश्यक रहेको विश्वास लिएको छु।

मुसिकोटबासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई विपद् जोखिमबाट सुरक्षित रहँदै सामाजिक एकता र पारस्परिक भाइचाराको सूत्रमा बाँधिएर, सबल, सक्षम, सुदृढ र न्यायपूर्ण मुसिकोटको निर्माणमा सबैले आफ्नो कर्तव्य बोध गरिदिन म हार्दिक आह्वान गर्दछु।

आर्थिक- सामाजिक विकास, सुशासन, समावेशीता र सामाजिक न्यायलाई मूलधारमा स्थापित गर्दै उन्नत नगरको परिकल्पना गरिएको यस बजेटको कार्यान्वयनमा सबै पक्षबाट रचनात्मक र निरन्तर सहयोग प्राप्त हुने मेरो अटल विश्वास छ।

धन्यबाद ।
२०८३।०३।१०

गंगा श्रेष्ठ
नगर उपप्रमुख
मुसिकोट नगरपालिका
वामीटक्सार,गुल्मी